Regd. No: 218650/75/076

ASIAN Hydropower Ltd.

मिति : २०८२/१०/०९

चलानी नं.: २०८२/८३/४७

श्री सिडिएस एण्ड क्लियरिङ्ग लि.
पुतलीसडक, काठमाडौं ।

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

श्री नेपाल स्टक एक्सचेञ्ज लि.
सिंहदरबार प्लाजा, काठमाडौं ।

**विषय: साधारण शेयरको लक इन (Lock In) अवधि समाप्त हुने सम्बन्धमा ।**

महोदय,

यस एशियन हाइड्रोपावर लिमिटेडको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को दफा ३८ (१) को व्यबस्था बमोजिम विवरणपत्र प्रकाशन गरी निष्काशन गरिएको धितोपत्र बाहेक अन्य समूहको धितोपत्र संगठित संस्थाले सर्वसाधारणका लागि प्राथमिक सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन वर्षको अवधि पूरा नभई बिक्री गर्न नपाईने र नेपाल धितोपत्र बोर्डको पत्र संख्याः ८०/८१, चलानी नं.: १५२३ मिति २०८०/०८/२५ गतेको पत्रबाट निर्देशन भए बमोजिम साधारण शेयर कर्मचारीहरुका लागि सार्वजनिक निष्काशन गरी बाँडफाँड गरिएको मितिले तीन वर्ष समाप्त नभएसम्म कर्मचारीहरूलाई बाँडफाँड गरिएको शेयर, आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई बाँडफाँड गरिएको शेयर र संस्थापक समुहको शेयर लक इनमा राख्नु पर्ने व्यवस्था रहेकाले सो बमोजिमको व्यबस्था गरिएकोमा हाल मिति २०८२/११/१३ मा उक्त अवधि समाप्त हुने भएको हुँदा तपसिलमा उल्लेखित कर्मचारीहरूलाई बाँडफाँड गरिएको शेयर, आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई बाँडफाँड गरिएको शेयर र संस्थापक समुहको शेयरको फुकुवा गर्ने व्यवस्था मिलाई दिनुहुन अनुरोध गर्दछौ । साथै सोको जानकारी मिति २०८२/१०/०९ गते आर्थिक अभियान पत्रिकामा सूचना प्रकाशित गरिएको व्यहोरा जानकारी लागि अनुरोध छ र प्रकाशित सूचना यसै पत्रसाथ संलग्न गरिएको छ ।

तपसिल

| क्र.सं | विवरण | लक ईनमा रहेको कुल शेयर संख्या | लक ईन समाप्त हुने मिति |
|---|---|---|---|
| १ | संस्थापक शेयरधनीहरु | २२,२०,००० | मिति २०८२/११/१३ गते |
| २ | संस्थाका कर्मचारीहरु | १६,८०० | |
| ३ | आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु | ३,४०,००० | |
| | **जम्मा शेयर संख्या** | **२५,७६,८००** | |

बोधार्थ
१) श्री एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाडौं ।

भवदीय,

ASIAN Hydropower Ltd.

.........................
कम्पनी सचिव
एशियन हाइड्रोपावर लिमिटेड

P.O.Box No.: 617
Krishnagalli - 3, Lalitpur, Nepal
Tel: +977-1-5430135, 5425228
Email: info@asianhydro.com.np
url: www.asianhydro.com.np

# एशियन हाइड्रोपावर लिमिटेड
# ललितपुर, नेपाल

## लक ईन अवधि (Lock in Period) समाप्त हुने सम्बन्धी सूचना

**(सूचना प्रकाशित मिति २०८२/१०/०९ गते)**

नेपाल धितोपत्र बोर्डको पत्र संख्याः ८०/८१, चलानी नं. १५२३, मिति २०८०/०८/२५ गतेको पत्रबाट निर्देशन भए बमोजिम यस एशियन हाइड्रोपावर लिमिटेडको नेपाल धितोपत्र बोर्डमा दर्ता भएको कुल शेयर २५,७६,८०० कित्ता मध्ये तपशिलमा उल्लेखित कम्पनीका संस्थापकहरु, आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु तथा कम्पनीका कर्मचारीहरुको स्वामित्वमा रहेका शेयरहरु लक इनमा राख्नु पर्ने व्यवस्था भए बमोजिम लक इनमा राखिएको र उक्त शेयरको लक इन अवधि देहाय बमोजिमको मितिमा समाप्त हुने व्यहोरा सम्पूर्ण शेयरधनी महानुभावहरु साथै सम्बन्धित नियामक निकायहरु लगायत अन्य सम्पूर्ण सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.सं | विवरण | लक ईनमा रहेको कुल शेयर संख्या | लक ईन समाप्त हुने मिति |
|---|---|---|---|
| १ | संस्थापक शेयरधनीहरु | २२,२०,००० | मिति २०८२/११/१३ गते |
| २ | संस्थाका कर्मचारीहरु | १६,८०० | |
| ३ | आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु | ३,४०,००० | |
| | **जम्मा शेयर संख्या** | **२५,७६,८००** | |

**नोटः कम्पनीको संचालक समितिका पदाधिकारीहरु तथा उच्च व्यवस्थापन तहमा रहेका कर्मचारीहरुको हकमा नियम अनुसार शेयर रोक्का रहने छ ।**